जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष : २ | अंक : १३६ | २०७९ साल, माघ ०७ गते शनिबार | Saturday 21 January, 2023 | पृष्ठ : ४ | मूल्य रू. ५/-

परवानीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिपनीमाल, बारा।
मधेश प्रदेश, (नेपाल)

## सेवा करारमा कर्मचारी माग सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०७)

प्रस्तुत विषयमा यस परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बाराको मिति २०७९।०९।१९ गतेको निर्णय अनुसार तपसिलको पदमा सेवा-करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन भित्र तल उल्लेखित कागजात र राजस्व बुझाएको रसिद संलग्न राखि यस कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग संख्या | उमेरको हद | परिक्षाको किसिम | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ०९।२०७९।०८० | कृषि स्नातक प्राविधिक | अधिकृत स्तर छैठौं | १ (एक) | २१-३५ वर्ष | सूची प्रकाशन र लिखित परीक्षा (वस्तुगत ) र अन्तरवार्ता। | रु १०००।- |
| २. | १०।२०७९।०८० | वरिष्ठ गाउँ प्रहरी सहायक निरीक्षक | | १ (एक) | २१-५० वर्ष | शारिरिक परिक्षण,लिखित परिक्षा र अन्तरवार्ता | रु ५००।- |
| ३. | ११।२०७९।०८० | गाउँ प्रहरी हवलदार | | २(दुई) | १८-३५ वर्ष | शारिरिक परिक्षण,लिखित परिक्षा र अन्तरवार्ता | रु ४००।- |
| ४. | १२।२०७९।०८० | गाउँ प्रहरी जवान | | ९(बाह्र) | १८-३५ वर्ष | शारिरिक परिक्षण,लिखित परिक्षा र अन्तरवार्ता | रु ३००।– |
| ५. | १२।२०७९।०८० | गाउँ प्रहरी जवान महिला | | ३(तीन) | १८-४० वर्ष | शारिरिक परिक्षण,लिखित परिक्षा र अन्तरवार्ता | रु ३००।– |
| ६. | १३।२०७९।०८० | कार्यालय सहयोगी | श्रेणी विहिन | ६(छव) | १८-३५ वर्ष | अन्तरवार्ता | रु २००।- |

द्रष्टव्य:-

१. **आवेदन बुझाउने स्थान** :- परवानीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल बारा।

२. **आवश्यक योग्यता तथा पेश गर्नुपर्ने कागजातहरु:-**

**कृषि स्नातक प्राविधिक (अधिकृत स्तर छैठौं)**

- मान्यता प्राप्ति शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण भएको।
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, आवेदकले प्रमाणित गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्र,तालिम सम्बन्धि प्रमाण-पत्रको प्रतिलिपि, कार्य अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो २ प्रति फोटो।पेश गरेको सबै कागजातमा उम्मेद्वारर स्वयमले हस्ताक्षर गरी प्रमाणित गरेको हुनुपर्नेछ ।
- पारिश्रमिक तथा सेवा सुबिधा:-"स्थानिय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९" को दफा ८ अनुसार हुनेछ ।
- वरिष्ठ गाउँ प्रहरी सहायक निरिक्षक:- नेपाली नागरिकताको प्रमाणपत्र, ८ (आठ) कक्षा उतिर्णको शैक्षिक प्रमाणपत्रहरु सबै, अनुभवको प्रमाणपत्र, दस्तुर बुझाएको नगदी रसिद, नैतिक पतन देखि फौजदारी अभियोगमा सजाय नपाएको सिफारिस पत्र, स्वीकृत चिकित्सकबाट निरोगिता प्रमाणपत्र,आँखा माइनस-२ वा प्लस+२ भन्दा कम नरहेको, उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट तथा छाती नफुलाउँदा घटीमा३१ इन्च र फुलाउदा ३३ इन्च भएको तथा प्रहरी वा सुरक्षा सेवामा घटिमा ५ वर्षको अनुभव भएको।
- **गाउँ प्रहरी हवलदार:-** नेपाली नागरिकताको प्रमाणपत्र, ८ (आठ) कक्षा उतिर्णको शैक्षिक प्रमाणपत्रहरु सबै, अनुभवको प्रमाणपत्र, दस्तुर बुझाएको नगदी रसिद, नैतिक पतन देखि फौजदारी अभियोगमा सजाय नपाएको सिफारिस पत्र, स्वीकृत चिकित्सकबाट निरोगिता प्रमाणपत्र,आँखा माइनस-२ वा प्लस+२ भन्दा कम नरहेको, उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट तथा छाती नफुलाउँदा घटीमा३१ इन्च र फुलाउदा ३३ इन्च भएको तथा प्रहरी वा सुरक्षा सेवामा घटिमा ५ वर्षको अनुभव भएको।
- **गाउँ प्रहरी जवान** :- नेपाली नागरिकताको प्रमाणपत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आठ कक्षा उतिर्णको शैक्षिक प्रमाणपत्रहरु सबै, अनुभवको प्रमाणपत्र, दस्तुर बुझाएको नगदी रसिद, नैतिक पतन देखि फौजदारी अभियोगमा सजाय नपाएको सिफारिस पत्र, स्वीकृत चिकित्सकबाट निरोगिता प्रमाणपत्र,आँखा माइनस-२ वा प्लस+२ भन्दा कम नरहेको, उचाई पुरुषको हकमा ५ फिट २ इन्च र महिलाको हकमा ५ फिट तथा छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउदा ३३ इन्च भएको ।

**कार्यालय सहयोगी:-**

नेपाली नागरिकताको प्रमाणपत्र, सामान्य लेख पढ गर्न सक्ने, दस्तुर बुझाएको नगदी रसिद ।

३. अन्य प्रचलित कानुन द्वारा अयोग्य नभएको ।

४. दस्तुर रकम गाउँपालिकाको राजश्व शाखामा बुझाइ सक्कगल भौचर पेश गर्नु पर्नेछ ।

५. सूचनामा उल्लेखित भए बाहिरको अन्य कुराहरु प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा रहेको करारमा कर्मचारी सिफारिस गर्न उम्मेदवार छनौट तथा सिफारीस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# प्रसौनी गाउँपालिकामा रु ५ करोड भन्दा बढी बेरूजु

प्रसौनी गाउँपालिका

*शु.आ. सम्बाददाता*
*कलैया, ६ माघ ।*

बारा जिल्लाको १६ स्थानीय तहमध्ये प्रसौनी गाउँपालिकामा रु ५ करोड भन्दा बढी बेरुजु देखिएको छ। महालेखापरीक्षक कार्यालयले सार्वजनिक गरेको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रसौनी गाउँपालिकामा रु ५ करोड ११ लाख ३४ हजार रकमको कारोबार फछ्र्यौट गर्न नसकेको देखिएको छ । लेखापरीक्षणबाट रू. ५ करोड ११ लाख ३५ हजार बेरुजू देखिएकोमा कुनै प्रतिकृया, प्रमाण पेश हुन नआएको महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमा उल्लेख गरीएको छ। उक्त बेरुजू मध्ये असुल गर्नुपर्ने रू. १ करोड ९० लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २७ लाख ८९ हजार, नियमित गर्नुपर्ने रू. ८२ लाख ६३ हजार र पेश्की रू. १० लाख ५२ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष सम्म रु. १५ करोड ७० लाख ४६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१९ करोड ४७ लाख २२ हजार रहेको छ । यसरी गाउँपालिकामा बेरुजु माथि बेरुजु थपिएपनि गाउँपालिका अध्यक्ष बिनोद पटेल र प्रमुख प्रशासकीय अधिकृत उदयशंकर चौधरीको ध्यानाकर्षण हुन नसकेकोमा समाजका बुद्धिजिबीले दुःख ब्यक्त गरेका छन । साथै महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष

(बाँकी तेश्रो पेजमा)

# जीतपुरसिमराको वडा स्तरीय योजना वडाबाटै सम्झौता हुने




*बारा, ६ माघ ।*

जीतपुरसिमरा उपमहानगरपालिकाले चालु आर्थिक वर्षका वडा स्तरीय योजना वडा कार्यालयबाटै सम्झौता र कार्यान्यवन गर्ने तयारी गरेको छ । सातौं कार्यपालिकाको बैठकले वडास्तरीय योजना सम्झौताका लागि उपमहानगरपालिकाको कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य गर्न वडा कार्यालयबाटै सम्झौता र

(बाँकी तेश्रो पेजमा)

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - पचरौता नगरपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : रमेश ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्युटर अपरेटर | : रंजित यादव (९८१४२३२७०२) |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५/९८०७२२००९८ |
| सम्पर्क कार्यालय | : कलैया - १४ , बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया बारा |

shubharambhdaily@gmail.com


## सम्पादकीय.............

# मधेश आन्दोलनको ऐतिहासिकता

मधेशीहरुको हकअधिकारका लागि लडिएको पहिलो आन्दोलनलाई स्मरण गर्दै १६औं बलिदानी दिवस मनाइएको छ। प्रत्येक वर्ष विशेषगरी मधेशकेन्द्रित दलहरुले मनाउँदै आएको बलिदानी दिवसको औचित्यतामाथि प्रश्न उठ्ने गरे पनि अहिले त्यसले १६ वर्षको लामो समय पार गरिसकेको छ। उक्त दिवसकै सन्दर्भमा मधेश प्रदेश सरकारले सार्वजनिक बिदासमेत दिएको अवस्थालाई दृष्टिगत गर्दा त्यस क्षेत्रमा अझ खासगरी बलिदानी दिवसको महत्व उच्च रहेको मान्न सकिन्छ । मधेसीको हकअधिकार प्राप्तिका निम्ति लडिएका पटकपटकका आन्दोलनमा अहिलेसम्म १०७ जनाले शहादत प्राप्त गरेको तथ्याङ्क छ। देशमा दोस्रो जनआन्दोलनको सफलताका कारण अन्तरिम संविधान जारी भएपछिको अवस्थामा उक्त संविधानप्रति असहमति जनाउँदै तत्कालीन मधेसी जनअधिकार फोरमले सो संविधान जलाएपछि मधेश आन्दोलनको बीजारोपण भएको थियो । उक्त घटनाका कारण त्यतिबेला उदाउँदै गरेका उपेन्द्र यादवसहितका नेता पक्राउमात्रै परेनन्, उनीहरुमाथि सार्वजनिक अपराधको मुद्दा चलाउनेसमेत तयारी अगाडि बढ्दै गर्दा त्यसको प्रतिक्रियास्वरुप तराईमा मधेश आन्दोलन सुरू भएको इतिहास छ ।

तत्कालीन सरकार र मधेसी मोर्चाबीच आठ बुँदे सहमति भएपछि पहिलो मधेश आन्दोलनले विश्राम पाएको थियो। त्यो विकसित भएको उल्लेख्य परिघटनाका कारण देश संघीयतामा गएको मान्ने आधार शक्तिशाली छ। मूलरुपमा देशमा संघीयता र समावेशिताको मुद्दालाई मधेस आन्दोलनकै योगदानका रुपमा हेर्ने गरिएको छ, यद्यपि माओवादीसम्बद्ध पक्षहरुले जनयुद्ध नै त्यसका निम्ति जिम्मेवार रहँदै आएको भन्न भने छोडेका छैनन् ।

मधेश आन्दोलनबाट ठूल्ठूला उपलब्धि हासिल भए पनि शहीदले देखेका सपनाहरु भने अझैसम्म अधुरै छन् । तत्कालीन आन्दोलनका कारण मधेशी जनअधिकार फोरमका उपेन्द्र यादवको उदय अविश्वसनीय ढङ्गले भए पनि उनका पछिल्ला क्रियाकलापहरुका कारण मधेशी आन्दोलनकै मर्म र भावनामाथि प्रहार भैरहेको यथार्थ छ, जुन राजनीतिकरुपमा चरम वितृष्णा बढाउन कारक देखिन्छ। ०६४ मा भएको पहिलो संविधानसभाको निर्वाचनमा पहिलोपटक भाग लिएको मधेसी जनअधिकार फोरमका ५४ जना सांसद् हुनुलाई निकै अर्थपूर्णरुपमा गणना गर्ने गरिए पनि उक्त पार्टीले पछि पटकपटक विभाजनको मार खेप्न पुग्दा त्यसले आन्दोलनको उद्देश्यमाथि नै प्रहार गरिरहेको प्रतीत हुन्छ ।

मधेश आन्दोलनका क्रममा उठाइएका अधिकांश मुद्दा डेढ दशकभन्दा बढी समय बित्दा पनि अलपत्र अवस्थामा पुग्नुले मधेशी नेताहरु केवल सत्ताका लुछाचुँडीमा मात्रै छन् भन्ने सन्दर्भलाई थप प्रस्ट्याएको छ । अझै पनि समाधान भैसक्नुपर्ने नागरिकताको विषय, आत्मनिर्णयको अधिकारसँगै जनसंख्याको आधारमा निर्वाचन क्षेत्रलगायतका मुद्दाहरुले किनारा पाउन सकेका छैनन्, जसलाई छिनोफानो गर्न सत्ता र शक्तिका पछि लागेका मधेशकेन्द्रित दलहरुलाई फलामको चिउरा चपाउनुसरह भैरहेछ । मधेशी जनमतको अपेक्षालाई यतिखेर सम्बोधन गर्नेमात्रै नभएर तिनलाई साकार बनाउनुपर्ने दायित्वप्रति विशेषगरी मधेशकेन्द्रित दलहरुसँगै संघीय सरकारको आवश्यक पहल जरूरी हुन गएको छ ।


रौतहटको लागि मात्र यस पत्रिकाबाट प्रकाशन गराउन चाहिने ग्रहक वर्गहरूमा समाचार , विज्ञापन , सुचना तथा सल्लाह सुझावको लागि अपेक्षा गर्दछु । थप्प जनकारीका लागि हाम्रो कार्यालय मौलापुरमा सम्पर्क गर्नु होला ।
मोबाईल नं. 9843736600 , 9804848400
इमेल - rautahatnews600@gmail.com
मौलापुर नगरपालिका - ५ मौलापुर बजार राष्ट्रिय बाणिज्य बैंकको दोस्रो तलामा ।
कार्यालय प्रमुख :- राजकुमार यादव


# निर्माताबाटै निचोरिएको संविधान

*- मोहन दाहाल*

**हाम्रो सत्ता परम्पराको इतिहास विचित्रको छ। सत्तारूढ दल स्वयं सरकारको 'भिलेन' बन्दै आएको इतिहास छ ।**

त्रिशंकु संसद्मा प्रधानमन्त्री पुष्पकमल दाहाललाई आवश्यकताभन्दा बढी 'विश्वासको मत' प्राप्त भयो। अर्थात् प्रचण्डलाई 'प्रचण्ड बहुमत' मिल्यो। प्रचण्ड बहुमतको बाढी यति भयानक भयो कि संसद्को प्रमुख प्रतिपक्षलाई नै बढारेर लग्यो। संवैधानिक रूपमा प्रतिनिधिसभा प्रतिपक्षी बेन्चविहीन बन्न पुगेको छ। त्यसै पनि उहाँ चामत्कारिक रूपमा प्रधानमन्त्री बन्नु भयो। एउटा गठबन्धनमा भावी प्रधानमन्त्रीको उम्मेद राखेर चुनाव लडे। उनी प्रधानमन्त्री त्यो उम्मेदमा पानी फेरिएपछि तिलस्मी ढंगले अर्कै गठबन्धनबाट बनेका हुन् । चमत्कार कस्तो भने निमेषभर मै 'परमादेश मित्र' विश्वासघाती धोखेबाजमा रूपान्तरित भए। 'घोर प्रतिगामी दुश्मन' करार गरिएका चाहिँ सत्ता गलियाराका मित्र जसले सत्ता-सिंहासनमा विराजमान गराए । केपी ओली र पुष्पकमल दाहालले बालकोट बार्दलीबाट सत्ता सहयात्राको उद्घोष गर्दा राष्ट्रिय राजनीतिमा विविध रंगका तरंग र लहर उत्पन्न भएकै हुन्। देशको सबैभन्दा ठूलो र पुरानो दल नेपाली कांग्रेस समग्र गुमाएको अवस्थामा पुग्यो। अर्थात् माओवादी अध्यक्ष प्रचण्डको एकै झट्काले कांग्रेसको हकमा सोम शर्मा र सातुको कथा चरितार्थ भयो। कांग्रेसमा सत्ताको भरपुर तयारी हुँदै गर्दा हठात् ओलीको बाहुपासमा लट्ठिएर बालकोट बार्दलीमा अप्रत्याशित घटनाले नयाँ मोड लियो। यो अवस्था कति पीडादायी हुन्छ होला ? कांग्रेसका अलावा प्रत्येक भुक्तभोगीलाई राम्ररी थाहा छ। थाहा छैन भन्नु वा कसैले कसैलाई विश्वास गर्नु मानवीय स्वभाव वा हुस्सुपन होला । के नेपाली राजनीतिमा विश्वास, आदर्श र नैतिकताको मानक यही र यस्तै हो ? यी प्रश्नको उत्तर प्रधानमन्त्री प्रचण्ड र कांग्रेसका शेरबहादुर र रामचन्द्र पौडेलसँग मात्र छ अहिले पनि। दुईतिहाइ नजिकको सत्ताबाट केपी ओलीको परमादेश बहिर्गमनपश्चात्का प्राधिकारी नै यी तीन महाओली थिए। त्यस्तै, पुस २६ गते नेपालका ४४औं प्रधानमन्त्रीलाई संसद्मा विश्वासको मत हासिल हुनु अघिसम्म यी प्रश्न जति मात्रामा सघन र रहस्यमयी थिए, अहिले थोरै संशयी र फिका भएका छन्। के यसो हुनाका कारण माओवादी केन्द्रका अध्यक्ष तथा एमाले नेतृत्वको गठबन्धनका प्रधानमन्त्री दाहालप्रति शेर-रामको अपनत्व र स्वामित्व नै हो ? प्रश्न फेरि पनि उही र उस्तै। कांग्रेस सत्ता सुखसयलको तयारीमा जुटेकै बेला चमत्कार भएकै हो। पुसको ठण्डी, त्यसमा पनि मध्यरात। यस्तोबेला अकस्मात महलको मखमली बिछ्यौनाबाट सडकमा पछारिन पुगेकै हो, कांग्रेस। तर मध्यरातमा चिसो सडकमा पुर्‍याउने बालकोटका ओली थिएनन्। बालकोटले यसो गर्थ्यो भने उसको कर्तव्य र धर्म दुवै हुन्थ्यो, स्वाभाविक पनि मानिन्थ्यो। सायद आफूलाई प्राप्त जनादेशको हैसियत सम्झिएर ऊ यस्तो सोचबाट निर्देशित नभएको होस्। तर मुखमा आएको सत्ताको लहलहाउँदो पहेंलपुर तोरीबारीलाई निमेषमै उजाड तुल्याइदिने पात्र अरू कोही नभएर उनै प्रचण्ड थिए । भनिन्छ, देउवा-दाहाल 'गोप्य सम्झौता उल्लंघन'को परिणाम हो- कांग्रेसको सडकबास। अर्थात् तत्कालका लागि कांग्रेसलाई 'हस्तिनापुरको राजबाट सडकबास'मा पुर्‍याउने उनै प्रचण्ड हुन्। जसले ओलीसँग विद्रोह गरेर संबैधानिक हैसियत बेगरको कांग्रेसलाई सत्ताको रथ आरोहण गराएर आफू सो रथका सारथि बनेका थिए। स्थायित्व र स्थिरताको लिकमा सत्ता चल्दा पाँच वर्षसम्म ढुक्क हुनुले सडकबास मै रहनुपर्ने अवस्थाको हो कांग्रेस। तर दधिचि ऋषि शैलीमा कांग्रेसले आफूलाई सडकमा पछारेर सत्ताको सिंहासन हडपेका दाहाललाई विश्वासको मत दियो, अनपेक्षित ढंगबाट । विश्वासको मत प्रकरणमा संविधानका भाव र मर्म तथा 'डेमोक्रेसी'का मूल्य एवं मान्यतामाथि खेलबाड भयो। संविधानको स्वामित्व र अपनत्वको प्रश्न अझै गज्मजिएकै अवस्थामा छ। तैपनि दाबीवाला तीनथरी छन्- जेठो कांग्रेस, माइलो माओवादी र कान्छा प्रजातिमा मधेस केन्द्रित दलहरू। यी दाबीवालाले नै सत्तापक्ष र प्रतिपक्षको 'लक्ष्मण रेखा' मेटेका छन्। लक्ष्मण रेखा मेटिएपछि मिथकीय सीता अपहरणको बाटो खुल्छ, कुनै रावणको प्रादुर्भाव भएको खण्डमा। तर सीता हरणका लागि रावण प्रवृत्तिको मार्ग प्रशस्त गर्नेको तर्क छ- सुन है मनुवा, गणतन्त्र र संविधानको रक्षा तथा संरक्षणको लागि व्यक्ति प्रचण्डलाई विश्वासको मत न कि प्रधानमन्त्रीलाई। धम्कीजन्य विश्वासको मत प्रचण्डको हिजोको पैंचोतिराइ हो वा 'भोलिका दिनका लागि राजनीतिक लगानी' हो ? यसको उत्तर पनि भविष्यकै गर्भमा छ । राजनीतिलाई संविधानले निर्दिष्ट गरेको बाटोबाट अघि बढ्न दिइँदामात्र स्थायित्व, स्थिरता, सुशासन र आर्थिक क्रान्तिको प्रत्याभूति हुन्छ। दाहाल सरकारलाई प्राप्त विश्वासको मतले यी कुराको प्रत्याभूति दिनुपर्थ्यो। त्यस्तो प्रत्याभूति र विश्वासले सरकारको 'न्यूनतम नीति र कार्यक्रम' कार्यान्वयनको आशा र अपेक्षा गर्न सकिन्छ। तर आश्चर्य, विश्वासको मतले विश्वासको धरातललाई नै डग्मगाइदिएको छ। यस प्रकरणले ओली-दाहाल समझदारीमा ठेस नपुर्‍याउँला भन्ने भरपर्दो आधार छैन। ओली-दाहाल सहमति कार्यान्वयन हुनेमा आशंका बढेको छ । फेरि पनि सुशासनको सपना दिवास्वप्नमै सीमित हुने हो कि भन्ने चिन्ता बढेको छ। आर्थिक क्रान्तिको कोरा नारा बेवारिस हुने खतरा बढ्न थालेको छ ।

ओली र दाहाल सहयात्राका लागि बालकोटको बार्दलीमा टुप्लुक्क झुल्किँदा उत्पन्न सकारात्मक तरंगका लहरलाई 'प्रचण्ड विश्वासको मत' फिका र कमजोर तुल्याउँदै गरेको छ। अरूले त यस्तो अनुभूति गर्ने नै भए, स्वयं प्रधानमन्त्रीले नै गरिसक्नु भएको छ। अन्योल र आशंकाको भ्वाङ टाल्न उहाँले 'अभूतपूर्व राष्ट्रिय सहमति' मार्काको टालो देखाउँदै हुनुहुन्छ, पुजारीले मच्छेन्द्रनाथको भोटो देखाउने शैलीमा। टालो देखाउन प्रचण्ड औधि निपुण र सफल हुनुहुन्छ। सिंहदरबार प्रवेशका लागि माओको टालो देखाएर गान्धीलाई रिझाउन उहाँ सफल हुनु भएकै हो । यसका लागि घोत्लिन वा इतिहास पल्टाउन आवश्यक छैन। उहाँले देखाउनु भएको 'अभूतपूर्व राष्ट्रिय सहमतिको भोटो'लाई ओली नेतृत्वको गठबन्धनले कुन रूपमा देखेको छ ? गठबन्धनले दाहाल-भाषा बुझ्यो बुझेन ? प्रतिक्रिया आइसकेको छैन। तर शेर-राम क्याम्पमा निश्चय नै मुर्झाइसकेका सपनामा केही त्राणको सञ्चार भएको हुनुपर्छ। भलै यस्तो 'त्राण'ओलीलाई साइजमा राख्न वा कांग्रेसको शीतल निवास प्रवेशको सपनालाई मूर्तता दिने भाष्यको रूपमा लिएको किन नहोस् । हाम्रो सत्ता परम्पराको इतिहास विचित्रको छ। सत्तारूढ दल स्वयं सरकारको 'भिलेन' बन्दै आएको इतिहास छ। गिरिजा नेतृत्वको बहुमतको कांग्रेस सरकार ढाल्न कोही आएन, कांग्रेस स्वयंले ढाल्यो ऊ बेला ।

योभन्दा थोरै अघिको बेलाको नेकपाको दुईतिहाइ नजिकको सरकार नेकपा स्वयंले गिरायो बडो अग्रगामी शैली र शब्दमा। अस्थिरता र चरम सत्ताकांक्षाको यस्तो विद्रुप इतिहासमाथि उभिएर त्रिशंकु संसद्का नायक प्रचण्डले 'राष्ट्रिय सहमतिको' फेरी लगाएका छन्, बराँठको सिङ फुकेर। त्रिशंकु संसद्ले राष्ट्रिय सहमतियुक्त स्थायी र स्थिर सरकार दिएमा नेपालीलाई त्योभन्दा सकारात्मक र खुसीको उपहार अरू के हुन्थ्यो र ! सायद, पुस २६ गते प्रधानमन्त्री प्रचण्डको मन्त्रणामा कांग्रेसका शेर-रामले संयुक्त रूपमा संसद्को लक्ष्मण रेखा नमेटी दिएको भए। र, कांग्रेसले प्रमुख प्रतिपक्षमा बस्न मञ्जुर गरेको भए। यी दुवै कुरा भएनन् जो संविधानसम्मत स्थायित्व र स्थिरताका परिसूचक हुन्। सँगसँगै माओवादीले कोल्टे फेरिसकेको अर्को संकेत पनि दियो। संकेतभन्दा पनि 'ऐलान' मान्दा ठिक होला। माओवादीको ऐलान आयो- पुस १० गते बालकोटका कोठामा ओली र प्रचण्डबीचको सहमतिलाई पुस २६ गतेको 'विश्वासको मत'ले अविश्वासमा बदली नै सक्यो। 'भद्र सहमति' धोखाधडी र बेइमानीमा अनुवाद भइसक्यो। ओली र दाहाल प्रसन्न मुद्रामा बालकोट बार्दलीमा झुल्किएकै बेला 'भद्र सहमति' सार्वजनिक हुँदो हो त यस्तो ऐलान गर्ने हिम्मत शायदै हुन्थ्यो। विगतमा गिरिजा र किसुनजी तथा दाहाल र ओलीबीच जस्तै अहिले ओली र दाहालबीचका भद्र सहमतिलाई पनि 'गोप्य' नै राखियो। सहमति कुनै प्रालि सञ्चालनका लागि थिएन र होइन पनि। राष्ट्र र सरकार सञ्चालनका लागि हो। तर बनाइयो निजी मामिलाजस्तै। अझै पनि बितिसकेको छैन। दाहाल र ओली दुवै मुखले मात्र नभई मनैदेखि नेपाली जनता र यो माटोप्रति इमान्दार छन् भने परिस्थितिलाई अन्योल र संशयका बाछिटाबाट जोगाउनै पर्छ। दुई नेताबीच सम्पन्न भद्र सहमतिलाई औपचारिक सार्वजनिक गर्नैपर्छ । सत्ता देवीपूजाको बिलो (पर्सादी) होइन जो सबैलाई बाँड्नै पर्छ। संसद्मा पुगेका सबै दललाई सत्ताको बिलो बाँड्नै पर्ने हो भने संविधान संशोधन गरेर त्यस्ता प्रावधान थप गर्नुपर्छ। त्यसो त प्रतिनिधिसभा प्रमुख प्रतिपक्षविहीन हुन पुग्दा तत्क्षणै संविधानले काम गर्न छाडेको छ। अब कुन संवैधानिक प्रावधानबाट संवैधानिक परिषद् र अर्थ समितिमा प्रमुख प्रतिपक्षलाई राख्ने ? चुनावको मिति तोकेर तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटन गर्दा संविधान मिचिने, अहिले संसद्लाई प्रतिपक्षविहीन तुल्याउँदा चाहिँ संविधानको सम्मान र संरक्षण हुने ? यो जटिल संवैधानिक प्रश्नको उत्तर सत्तापक्ष र प्रमुख प्रतिपक्षको लक्ष्मण-रेखा मेटेका प्रचण्ड र शेर-रामसँग मात्र छ, लाग्छ सर्वोच्च अदालतसँग पनि छैन होला । यदि कांग्रेस र प्रधानमन्त्री प्रचण्डबाट यो प्रश्नको चित्तबुझ्दो जवाफ आएन भने अरूका लागि पनि संविधान मिच्ने वा उल्लंघन गर्ने बाटो खुल्छ। र, त्यो अवस्थाका कारक आफूहरूलाई स्वीकारेर उनीहरूले त्यसको जिम्मेवारीसमेत लिनुपर्छ। स्व. बीपी कोइरालाको भनाइलाई सापट लिँदा प्रचण्ड-देउवाहरूका लागि वर्तमान संविधान साँढेलाई सन्ठीको बारसरह नै भएको छ। जब निहित स्वार्थका लागि संविधान मिच्न र थिच्न कुनै आइतबार बारिँदैन भने यस्ता (खल) नायकहरूबाट मुलुकमा विधिको शासनको अपेक्षा कसरी गर्ने ? त्यसै पनि वर्तमान संविधानको स्वामित्व र अपनत्वको प्रश्न आज पर्यन्त हल हुन सकिरहेको छैन। पाइला–पाइलामा सुलह र सम्झौता गरेर यसको प्राण धानिँदै आएको छ। जव निर्माताबाटै संविधान निचोरिन पुग्छ, त्यो संविधानले कामै गर्न सक्तैन । - अन्नपुर्णपोष्टबाट

# रौतहटमा आगो ताप्नेक्रममा जलेर तीन जना घाइते

*रौतहट, ६ माघ ।*

रौतहटमा आगो ताप्ने क्रममा जलेर तीन जना घाइते भएका छन् ।

शुक्रबार विहीन आगो ताप्ने क्रममा जिल्लाको दुर्गा भगवती गाउँपालिकामा दुई आमाछोरी र आफन्त जेलेर घाइते भएका छन् । सो गाउँपालिकाको मत्सरीका अजय दाशकी २० वर्षीय श्रीमती रमिता दास, ४ महिने छोरी सन्ध्या दास र अजयका भाइ विजय दास रहेका छन्। घाइते तीन जनाको प्रादेशिक अस्पताल गौरमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

॥।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - महागढीमाई नगरपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# आदर्श बहिर्गमन कि असामयिक समर्पण ?

*६ माघ ।*

'अब पनि म पदमा बसिरहनु भनेको न्युजिल्यान्डका लागि हानि पुऱ्याउनु हो ।' अप्रत्याशित रूपमा बिहीबार प्रधानमन्त्रीको पदबाट राजीनामा घोषणा गरेकी जसिन्डा आर्डनको भनाइ हो यो । भर्खरै ४२ वर्ष पुगेकी आर्डनले अर्को महिनादेखि नै देशको नेतृत्व छाडिहाल्नुपर्ने के त्यस्तो कारण आइलाग्यो त ? प्रधानमन्त्री बनेदेखि नै कुनै न कुनै रूपमा चर्चामा आइरहने आर्डनको अप्रत्याशित घोषणाले विश्व राजनीतिमा चासो राख्ने सबैका कान ठाडा बनाइदिएको छ । अझ देशभित्रका उनका समर्थकहरू त आश्चर्यमा नै परेका छन् । महिला सरकार प्रमुखका रूपमा सधैंजसो चर्चित उनले यसअघि पुरुषको तुलनामा महिला राजनीतिज्ञले सामाजिक तथा पारिवारिक विषयमा बढी चुनौती सामना गर्नुपर्ने बताउने गरेकी थिइन् । आखिर पारिवारिक जिम्मेवारीकै कारण अन्ततः उनी राजीनामा दिने निर्णयमा पुगिन् किन ? तर आर्डनले दिएको कारण भने अर्कै छ । 'मैले अब देशका लागि थप योगदान दिन सक्ने अवस्था छैन ।' सन् २०१७ को अक्टोबर २६ मा देशको प्रधानमन्त्री पद सम्हाल्दा आर्डन मात्र ३७ वर्षकी थिइन् । उनको राजनीतिक करिअर लोभलाग्दो थियो । २७ वर्षको उमेरमा सांसद बनेकी आर्डन त्यसको एक दशकमा देश हाँक्ने कुर्सीमा पुगेकी थिइन् । एक अर्थमा उनी विश्व राजनीतिमा युवाहरूको रोलमोडल नै थिइन् । देशको कार्यकारी प्रमुखको पद सम्हाल्दा उनले विश्वकै कान्छी महिला प्रधानमन्त्रीको रेकर्डसमेत राखेकी थिइन् । तर, पछि सन् २०१९ मा ३४ वर्षमा फिनल्यान्डको प्रधानमन्त्री बनेकी सन्ना मरिनले उनको रेकर्ड तोडिन् । प्रधानमन्त्रीको पद सम्हालेको एक वर्षपछि आमा बनेकी आर्डन पदमै रहँदा सन्तान जन्माउने विश्वकै दोस्रो नेतृसमेत हुन् । त्यसअघि पाकिस्तानी नेतृ बेनजिर भुट्टोले १९९० मा प्रधानमन्त्री रहेकै बेला सन्तानलाई जन्म दिएकी थिइन् । प्रधानमन्त्रीका रूपमा आर्डनले आफ्नो सन्तानलाई साथमै लिएर पनि देशको हितमा काम गर्न पछि परिनन् । संयुक्त राष्ट्रसंघको एक बैठकमा सहभागी हुने क्रममा चार महिनाकी छोरीलाई काखमा लिएर पुगेपछि उनी विश्वभर चर्चामा आएकी थिइन् । संसारभरका कामकाजी महिलालाई जागिर र जिम्मेवार पदमा रहँदा पनि आमाको जिम्मेवारी सम्हाल्न सकिन्छ भन्ने सन्देश दिएकी भन्दै उनको अभूतपूर्व प्रशंसा भएको थियो । प्रधानमन्त्रीका रूपमा आर्डनले अप्ठ्यारो समयमा न्युजिल्यान्डलाई सफल नेतृत्व प्रदान गरिन् । उनले देशलाई कोभिड–१९ को महामारीबाट जोगाइन् । प्रधानमन्त्रीका रूपमा उनले अघि लागू गरेका भाइरस नियन्त्रणसम्बन्धी नीतिले न्युजिल्यान्ड कोभिडका कारण निकै कम क्षति हुने देशको सूचीमा रह्यो । त्यसका साथै उनले कोभिडपछिको आर्थिक मन्दीबाट देशलाई सफल रूपमा अवतरण गरिन् । अनि, क्राइस्ट चर्च गोलीकाण्ड र ह्वाइट आइल्यान्ड ज्वालामुखी विस्फोटको कठिन समयमा निकै असल नेतृत्व प्रदान गरिन् । जसका कारण अधिकांश अन्तर्राष्ट्रिय मञ्च र नेताका भाषणहरूमा उनी 'उदाहरणीय नेतृ' का छाइरहिन् । करिब ६ वर्ष देशको नेतृत्वमा रहेकी आर्डनले आफ्नो कार्यकाल कति चुनौतीपूर्ण थियो भन्ने बताउँदै गर्दा बिहीबार उनको गला अवरुद्ध भएको थियो । 'मान्छे दयालु तर बलियो । अरूप्रति समभाव राख्ने, तर निर्णय लिन सक्ने । अनि आशावादी तर लक्ष्य पछ्याउँदै त्यसैमा केन्द्रित हुनुपर्छ र हुन सक्छ भन्ने गहिरो छाप छाडेर म न्युजिल्यान्डरहरूबाट बिदा हुँदै छु भन्ने मेरो आशा छ,' पदत्यागको घोषणाका क्रममा आर्डनले भनिन् । आर्डनले जलवायु परिवर्तनका असरहरूबाट बच्ने उपायबारे आफूले चालेका कदम, राज्यबाट दिइने आवासको सुविधाको कटौती र बाल गरिबी हटाउने आफ्ना कामलाई सम्झनलायक उपलब्धि भनेकी छन् । न्युजिल्यान्डका जनताले सधैं दयालु बन्न खोज्ने' नेताको रूपमा देशवासीले आफूलाई सम्झने बताइन् । 'तपाई आफू आफ्नै किसिमको नेता बन्न सक्नुहुन्छ, त्यस्तो नेता जसलाई अब छाड्ने बेला भयो भन्ने कुरा राम्ररी थाहा हुन्छ,' उनले भनिन् । आर्डनले ग्रीष्मकालीन बिदामा बसेका बेला आफ्नो भविष्यबारे चिन्तन गरेको र पछिल्लो निर्णय लिएको बताएकी छन् । 'मैले त्यो अवधिमा अब अगाडि बढ्न के गर्नुपर्छ र देशका लागि के गर्न सकिन्छ भन्ने कुरा पत्ता लगाउन सक्छु कि भन्ने आशा गरेकी थिएँ । तर दुर्भाग्यवश, म त्यसमा सफल हुन सकिनँ,' उनले पत्रकारहरूसमक्ष भनेकी छन् । अस्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानिजीले आर्डनलाई विद्वता, ताकत र समानुभूति भएकी नेतृका रूपमा प्रशंसा गरेका छन् । 'आर्डन न्युजिल्यान्डकी प्रखर पैरवीकर्ता हुन्, धेरैका लागि प्रेरणाकी स्रोत हुन् । अनि, मेरी महान् साथी पनि हुन्,' उनले ट्वीटरमा लेखेका छन् । त्यस्तै, विपक्षी दल नेसनल पार्टीका नेता क्रिस लक्सनले देशको सेवाका लागि आर्डनलाई धन्यवाद दिएका छन् । 'पदमा रहेर उनले न्युजिल्यान्डका लागि अविश्वसनीय योगदान दिइन्,' उनले भनेका छन् । आर्डन सन् २०१७ को अगस्ट १ मा लेबर पार्टीको नेता निर्वाचित भएकी थिइन् । उनको नेतृत्वमा पार्टीले सन् २०२० को निर्वाचनमा फराकिलो जित हासिल गरेको थियो । फलस्वरूप उनी दोस्रो कार्यकाल प्रधानमन्त्री बनेकी हुन् । उनले फेब्रुअरी ७ अघि नै लेबर पार्टीको नेताबाट राजीनामा दिने जनाएकी छन् । उनको उत्तराधिकारी चयन गर्न अब पार्टीमा मतदान हुनेछ । पार्टीका उपनेता ग्रान्ट रोबर्टसनले भने दलको नेताका चयनका लागि हुने निर्वाचनमा आफूले प्रतिस्पर्धा नगर्ने बताएका छन् । दलको नेताका आकांक्षीले पार्टी नेताहरूको दुई तिहाइ मत नपाएको खण्डमा भने नेतृत्व चयनको प्रक्रिया पार्टी कार्यकर्ताहरूको हातमा पुग्नेछ । न्युजिल्यान्डमा आगामी अक्टोबर १४ मा आमनिर्वाचन हुँदै छ । चुनावमा लेबर पार्टी नयाँ नेतृत्वसहित मैदानमा उत्रनेछ । तर पछिल्ला सर्वेक्षणहरूमा आर्डनको लोकप्रियता खस्कँदै गएको देखिएका कारण आगामी नेतालाई सत्तामा टिकिरहन भने त्यति सहज देखिँदैन । आगामी निर्वाचनमा लेबर पार्टी पराजित हुने डरका कारण पनि आर्डनले राजीनामा घोषणा गरेकी कपितयको दाबी छ । तर आगमी चुनावमा पार्टीको जित हुने आफूले ठानेको आर्डनको भनाइ छ । 'त्यो चुनौतीको बोझ बोक्न सक्ने आँटिला र ताजा काँधहरूको हामीलाई आवश्यकता छ,' उनले भनिन् । देशलाई नेतृत्व प्रदान गर्न पाउनु भनेको जनताको विश्वास हो । अनि, कपितय अवस्थामा जोड घटाउको विषय पनि होला । तर पदमा पुगिसकेपछि कुन समयमा कस्तो निर्णय गर्ने र देशलाई कसरी गति दिने भन्ने कुरा भने नेताको क्षमताको कुरा पनि हो । जुन क्षमता करिब ६ वर्ष लामो आफ्नो प्रधानमन्त्रीय कार्यकालमा पुष्टि गरेकी छन् । र, उनको कार्यक्षमताबाट मौका पाएको खण्डमा युवा नेतृत्वले कठिन समयमा पनि देशलाई सही दिशामा लैजान सक्छ भन्ने उदाहरण पनि हो ।

त्यसैले त आर्डन भन्छिन्, 'शान्तिको समयमा देशको नेतृत्व गर्नु एउटा कुरा हो । तर, अप्ठ्यारो र संकटका बेला सफल नेतृत्व दिन सक्नु मुख्य कुरा हो ।' तर उनले जवाफ दिनुपर्ने अर्को विषय पनि छ । पार्टीभित्र प्रतिस्पर्धी थिएनन्, प्रतिपक्षीबाट चुनौती थिएन । जनादेशले पनि आगामी अक्टोबरसम्म उनलाई नेतृत्वको जिम्मेवारी दिएको थियो तर विकल्पविना बिदा भइन् जेसिन्डा । त्यसैले उनको बहिर्गमनलाई आदर्शभन्दा पनि जिम्मेवारीबाट पन्छिने असामयिक कदमका रूपमा हेरिएको छ ।

# निजी जग्गामा डोजर चलाएको भन्दै पीडित परिवारद्वारा विरोध प्रदर्शन



*काठमाडौं, ६ माघ ।*

काठमाडौं महानगरले निजी जग्गामा डोजर चलाउन थालेको भन्दै पीडित परिवार लगाएत सरोकारवालाहरुले विरोध प्रदर्शन गरेका छन् । शुक्रबार काठमाडौंको राष्ट्रियसभागृहमा महानगरको नगर सभाको १२ औं अधिवेशन चलिरहेका बेला उनीहरुले सडक विस्तारको नाममा नागरिकको निजी सम्पत्ती कब्जा गर्न नपाइने भन्दै राष्ट्रिय सभागृह अगाडी प्रदर्शन गरेका हुन् । निजी सम्पतीमा विना पूर्जी गुण्डागर्दी शैलिमा डोजर आतंक गरिएको उनीहरुको आरोप छ । त्यस्तै उनीहरुले फोहर मैला व्यवस्थापन कहा पुग्यो ? टुकुचा बिगार्ने अनि लापरवाही तरिकाले छाड्ने ? हिड्ने अधिकार सुनिश्चित गर्न फुटपाथ सुरक्षित गर्ने अभियान कहा पुग्यो? लगाएतका प्रश्न पनि गरेका छन् । उपत्यकाव्यापी सडक विस्तार पीडित संघर्ष समिति सुमन सायमीले उपत्यकाको समस्यमा समाधान गर्न काठमाडौंको मेयर असफल भएको र लोकप्रियताका लागि डोजर आतंक फैलाइएको बताउनुभयो । उहाले क्षेत्राधिकार भन्दा बाहिर नजान र महानगरको निर्णयको कपी पठाएर मात्रै काम गर्न आफुले सुझाव दिदा आफैलाई प्रहरी प्रशासन लगाएर पक्राउ गरिएको जिकिर गर्नुभयो । संघर्ष समितिले महानगरको गलत कदमविरुद्ध आन्दोलन गर्ने तयारी समेत गरेको छ ।

## बालकको ....

नदीमा फालेको अनुसन्धानले देखायो र घटना घटेकै दिन 'कसैलाई शंका नहोस भनेर काका जयराम परिवारजनसँगै खोजतलाश गर्न पनि गएको कारण त्यति खेर शंका न भएको प्रहरीले पत्रकार सम्मेलनमा जानकारी दिनु भयो ।पक्राउ परेका दुवैजनालाई कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत गौरबाट म्याद थप गरी कानुनी कारबाही अगाडी बढाएको प्रहरी उपरीक्षक बुढामगरले बताएका छन् ।

## जीतपुरसिमराको ......................

कार्यान्वयन प्रक्रिया अघि बढाउने निर्णय गरेको हो । बैठकको निर्णयअनुसार अब उपमहानगरपालिका भित्रका २४ वटै वडाको वडास्तरीय बजेटको सम्झौता र कार्यान्वयन वडा कार्यालयबाटै हुनेछ । वडास्तरीय योजनाको सम्झौता सम्बन्धित वडाको वडासचिवले गर्नेछन् । बैठकले वडासचिवलाई अख्तियारी दिने निर्णय गरेको हो ।

योजनाको कार्य सम्पन्न भएपछि वडाको सिफारिसका आधारमा उपमहानगरपालिकाले भुक्तानी गर्ने निर्णय भएको प्रशासन शाखाका प्रमुख रामेश्वर बन्जाराले जानकारी दिएका छन् । उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले वडा स्तरीय बजेटको सम्झौताका लागि उपमहानगरपालिकाको कार्यालय धाउनुपर्ने अवस्था अन्त्य गर्दै सेवालाई वडामा विस्तार गर्न थालिएको बताए ।

**व्यवसाय दर्ता पनि वडा कार्यालयबाटै हुने**

उपमहानगरपालिकाको सातौं कार्यपालिका बैठकले व्यवसाय दर्ता सेवा पनि वडामा विस्तार गरेको छ । यसअघि उपमहानगरपालिकाको कार्यालयमा व्यवसाय दर्ता हुँदै आएको थियो । बैठकले ठुला र वातावरणीय प्रभाव पर्न सक्ने उद्योगव्यवसायबाहेक अन्यको हकमा वडामै दर्ता गर्न सकिने निर्णय गरेको हो । उक्त निर्णयपछि व्यवसाय दर्ताका लागि जीतपुरस्थित कार्यालय पुग्नुपर्ने सेवाग्राहीले अब वडा कार्यालय सेवा लिन सक्नेछन् ।

व्यवसाय दर्ताको सेवा वडा कार्यालय विस्तार गर्ने निर्णय गरेको बैठकले नविकरणको विषयमा भने निर्णय गरेको छैन् । उपमहानगरपालिकाको कार्यालयबाट व्यवसाय दर्ता र नविकरणको काम हुँदै आएको थियो । (ईशिलालेख)

## प्रसौनी गाउँपालिकामा ......................

२०७७/०७८ को आफ्नो प्रतिवेदन अनुसार प्रसौनि गाउँपालिकामा एक पछि एक बेरुजु बढ्दै गएको देखिन्छ । महालेखापरीक्षकको असार महिनाको अन्तिम साता राष्ट्रपतिलाई प्रतिवेदन बुझाउने र तामझमका साथ पत्रकार सम्मेलन गरेर जानकारी दिनुबाहेक उक्त प्रतिवेदनले दिएको सन्देश र जवाफदेहितालाई कसैले खास वास्ता नगरेको पछिल्ला केहि वर्षयताका प्रतिवेदन र त्यसमा देखिएको बेरुजुको अंकले देखाएको छ । कानुनबाहिरको आर्थिक कारोबारलाई बेरुजु मानिन्छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ अनुसार 'बेरुजु भन्नाले प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठह्याइएको कारोबार सम्झनुपर्छ ।'

बेरुजुलाई सजीलैसँग असुलउपर हुनेदेखि असुलउपरमा केहीसमस्या हुने गरी तीन किसीममा विभाजन गरिएको छ । जसमा पेश्की बेरुजु, नियमित गर्नुपर्ने बेरुजु र असुल उपर गर्नुपर्ने बेरुजु रहेका हुन्छन् । जहाँ असुल उपर गर्नुपर्ने बेरुजुलाई मुख्य रुपमा बेरुजु मानिन्छ । अरु बेरुजु भने नियम अनुसार फर्स्योट गर्न अथवा प्रमाण तथा कागजात पुर्याएर फर्स्योट गर्न सकिन्छ ।

# मृत्युपश्चात् शरीरका सम्पूर्ण अंग दान गर्ने प्रधानमन्त्रीको घोषणा

*काठमाडौं, ६ माघ ।*

शुक्रबार बिहान प्रज्ञा भवन कमलादीमा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रले एक हजार वटा मिर्गौला प्रत्यारोपण सम्पन्न गरेको उपलक्ष्यमा आयोजित विशेष कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मृत्युपश्चात् शरीरका सम्पूर्ण अंग दान गर्ने घोषणा गरेका छन् । 'मेरो मृत्युपश्चात् सम्पूर्ण शरीर दान गर्ने घोषणा गर्दछु,' उनले भने, 'डायलासिस सेवा सर्वसाधारणको पहुँचमा थिएन। यो महँगो भएकाले पनि आर्थिक अवस्था कमजोर भएका मिर्गौला रोगीले सेवा लिन गाह्रो थियो । केन्द्रले विपन्न रोगीलाई सहयोग होस् भन्ने उद्देश्यले २०६९ चैत १६ गतेदेखि निःशुल्क डायलासिस सेवा पनि आरम्भ गऱ्यो। केन्द्रमा मिर्गौला मात्र नभएर कलेजो पनि प्रत्यारोपण हुने गरेको छ। यसलाई थप आधुनिक र प्रभावकारी बनाउने हाम्रो जिम्मेवारी छ।' राष्ट्रिय प्रत्यारोपण केन्द्रले १० वर्षमा एक हजारभन्दा बढी मिर्गौला प्रत्यारोपण गरिसकेको छ। अहिले दैनिक केन्द्रमा चारदेखि आठ जनाको मिर्गौला प्रत्यारोपण हुने गरेको छ ।

हामी तपाईहरूको साथ र सहयोगको अपेक्षा गरेका छौ । शुभआरम्भ राष्ट्रिय दैनिक

# माघ ८ गते (आईतबार) सार्वजनिक बिदा

**सार्वजनिक बिदा**

*बारा , ६ माघ ।*

सरकारले माघ ८ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ । सरकारले तामाङ समुदायको महान चाड सोनाम ल्होसारको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको गृह मन्त्रालयले जनाएको छ । यो सँगै माघ ७ गते शनिबार भएकाले र माघ ८ गते आइतबार सोनाम ल्होसारको अवसरमा नेप्से, बैंक तथा बीमा कम्पनी, सरकारी कार्यालय, शैक्षिक संस्था तथा बैंकहरु बन्द हुने भएको छन् । प्रत्येक वर्ष माघ ८ गते तामाङ समुदायले पुरानो वर्षलाई बिदाइ गरी नयाँ वर्षलाई स्वागत गरेर 'सोनाम ल्होसार' पर्व मनाउँछन् ।

चिसोको समय छ, मनतातो पानी पिऔं । स्वस्थ्य रहौं - शुभआरम्भ राष्ट्रिय दैनिक

# मधेस प्रदेशमा दलित ऐन बनेको तीन वर्ष बित्यो, कार्यान्वयनको अवस्था शून्य




जनकपुर, ६ माघ ।

मधेस प्रदेश सरकारले दलित समुदायको विकासका लागि भनेर 'दलित सशक्तीकरण ऐन, २०७६' बनायो । ऐनको पहिलो परिच्छेदको दोस्रो बुँदामा उल्लेख छ- यो एन तुरुन्त लागु हुनेछ। तर, ऐन बनेको तीन वर्ष बितिसक्दा पनि कार्यान्वयनको अवस्था नाजुक छ। करिब शून्य बराबर नै । ०७५ कात्तिक २० गते सामाजिक विकास मन्त्रालयले यो ऐन प्रदेश सभामा दर्ता गरेको थियो ।

त्यसको एक वर्षपछि ०७६ मंसिर २४ गते ऐन प्रमाणीकरण भएको थियो। सरकारले यो ऐनलाई उच्च प्राथमिकता दिएको थियो । सरोकारवाला निकायहरू भने सरकारकै त्रुटिका कारण ऐन कार्यान्वयनमा आउन नसकेको गुनासो गर्छन्। प्रादेशिक संवाद समूह जनकपुरधामले आयोजना गरेको उक्त ऐनबारेको छलफल कार्यक्रममा पनि सरोकारवाला निकायहरूले ऐन कार्यान्वयन नभएको गुनासो गरेका छन्। ऐन निर्माणमा भूमिका निर्वाह गरेका निर्वतमान सांसदद्वय सुरेश मण्डल र चमेली देवी दास पनि ऐन कार्यान्वयन हुन नसकेको बताउँछन्। हामीले धेरै प्रयास गर्‍यौं । तर अहिलेसम्म कुनै पनि पालिकामा दलित सशक्तीकरण ऐन कार्यान्वयनमा आएको छैन, दासले भनिन्, ऐन कार्यान्वयनमा नआउँदा दलित समुदाय दिनानुदिन प्रताडित भइरहेको छ । मण्डलले ऐनमा त्रुटि देखिएको विषयलाई सच्याएर अगाडि बढ्नुपर्ने बताए । प्रदेशमा १८ प्रतिशत जनसंख्या रहेको दलित समुदायलाई बेवास्ता गरेर विकास हुन नसक्ने तर्क उनको छ । ऐन कार्यान्वयनका लागि पालिका, प्रदेश र प्रहरीमा तीनवटा समिति बनाउने अवधारणा छ । तर, समितिमा क्षेत्राधिकार उल्लेख नहुँदा पनि कार्यान्वयनमा समस्या देखिएको हो। ऐनमा प्रदेश प्रहरीअन्तर्गत दलित प्रहरीकै नेतृत्वमा जातीय विभेद तथा छुवाछुत नियन्त्रण इकाइ स्थापना गर्ने व्यवस्था छ। तर, दलित प्रहरीकै अभाव देखिएकाले अझै पनि इकाइ गठन हुन सकेको दलित अधिकारकर्मी विनोद महाराले बताए । सदर/बदरको अधिकार दलित विकास बोर्डको उपाध्यक्षलाई नदिँदा समस्या देखिएको उनको भनाइ छ । ऐनमै त्रुटि देखिएको छ । राजनीतिक व्यक्तिलाई बोर्डको अध्यक्ष दिँदा कार्यान्वन हुन सकेको छैन, उनले भने, मन्त्री पद राजनीतिक हुन्छ। उनकै कार्यकर्तालै कुनै दलितलाई विभेद गर्‍यो भने कसरी निष्पक्ष न्याय हुने विश्वास गरौं । अर्का अधिकारकर्मी राजु पासवानले पनि सोही कुरा दोहोऱ्याए । पालिका स्तरीयको समितिमा पाँच सदस्य मात्रै हुनुपर्ने र शतप्रतिशत दलितकै सहभागिता हुनुपर्ने उनले उल्लेख गरे । पालिकास्तरको समितिमा ११ सदस्य समिति गठन गर्ने भनिएको छ। यसमा सात जना दलित र चार जना गैरदलित जनप्रतिनिधि राख्नुपर्ने व्यवस्था छ, उनले ऐनमा गरिएको व्यवस्था उल्लेख गर्दै भने, जसको समस्या छ, उसकै प्रतिनिधित्व भएन भने निष्पक्ष न्याय दिन सक्दैन । त्यसकारण पालिकामा पाँच सदस्य समिति मात्रै हुनुपर्छ । असुरक्षाका कारण दलितहरू न्यायका लागि अगाडि बढ्न नसकेको उनले औँल्याए । प्रदेशस्तरीय जातीय विभेद तथा छुवाछुत अनुगमन समिति गठन गरिएको छ। मुख्यमन्त्रीको नेतृत्वमा रहेको यो समितिको प्रगति पनि शून्य छ। अहिलेसम्म समितिका दुईवटा बैठक मात्र बसेका छन् भने कुनै पनि विषयमा प्रतिवेदन तयार भएको छैन । प्रत्येक स्थानीय तहमा पनि सोही अनुसारको समिति गठन गर्ने व्यवस्था छ। तर, अहिलेसम्म बारा र पर्साको मात्र चार पालिकामा समिति गठन भएको दलित विकास बोर्डका उपसचिव दिलीप ठाकुरले जानकारी दिए । मधेसमा दलित सशक्तीकरण ऐनजस्तै थुप्रै ऐनहरू कार्यान्वयनमा आउन सकेका छैनन्। प्रदेश सभाको पहिलो कार्यकालमा ६१ वटा विधेयक दर्ता भएका थिए। जसमध्ये ५५ वटा विधेयक पारित भएर प्रमाणीकरण पनि भइसकेका छन् । ६ वटा विधेयक विषयगत समितिमा विचाराधीन अवस्थामा छन् । प्रमाणीकरण भइसकेका ऐनहरू पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । (१२ खरी)

# नेपाल भारत रेल यात्रु सहजीकरण समितिले पर्यटन मन्त्रीलाई ज्ञापन पत्र बुझाउने तयारी



विराटनगर, ६ माघ ।

नेपाल भारत रेल यात्रु सहजीकरण समितिले विराटनगरलाई पर्यटनको लागि विकाश गर्न र ओझेलमा रहेको विराट राजाको दरवारलाई प्रवर्द्धन गर्न बथनाहा भेडियारी रेल मार्गलाई रामायण सर्किट सँग जोडेर लैजान विषयलाई लिएर पर्यटन मन्त्रीलाई ज्ञापन पत्र बुझाउने तयारी गरेको छ। रेलयात्रु सहजीकरण समितिको अध्यक्ष राजेश कुमार शर्माले डिसेम्बर महिनामा भारतीय रेलवेको का महा प्रवन्धकलाई पनि यस विषयमा ज्ञापन पत्र बुझाई सकेका छन् । पर्यटन पर्यावरण जोगाउन विभिन्न सामाजिक कार्यहरु गर्दै आईरहेका सहजीकरण समितिले विगतमा गरेका वृक्षा रोपण कार्यलाई निरन्तरता दिने र रोपिएको विरुवाहरूलाई स्याहार, संरक्षण गर्ने कार्यक्रमलाई तिव्रता दिन समितिका सचिव विकाश कुमार मण्डलले बताए। समितिले शुक्रवार समितिका सल्लाहकारहरु तथा नेपाली कांग्रेस प्रदेश कोषाध्यक्ष लोकप्रिय युवा नेता राजेश गुप्ता र ओम शान्ति ज्वेलर्स का संचालक एवं नेपाल सोनार समाज मोरङ्ग जिल्ला अध्यक्ष, समाजसेवी महेश कुमार साह स्वर्नकारको अगुवाईमा समितिका सदस्यहरुलाई भेला गरी पर्यटन मन्त्रीलाई ज्ञापन पत्र बुझाउने र अन्य सामाजिक कार्यक्रमहरुलाई निरन्तरता दिने बताए ।

कार्यक्रममा नेपाल भारत रेलयात्रु सहजीकरण समितिका अध्यक्ष राजेश शर्मा लगाएत पवन साह, श्याम कुमार मण्डल, अमित चौधरी, मदन तत्मा, लाल सहनी, मेराज सिद्दिकी लगाएत नेपाल भारत दुवै देशका पदाधिकारी सदस्यहरु सहभागी भएका थिए ।

# प्रहरीको छवि उच्च बनाउने काम गर्न डीआइजी कुवरको निर्देशन



रौतहट, ६ माघ ।

डीआइजी वसन्तबहादुर कुँवरले प्रहरी संगठनको छवि उच्च बनाउन १२ बुँदे निर्देशन दिएका छन्। हाले मधेस प्रदेश प्रहरी प्रमुखको जिम्मेवारी पाएका उनले शुक्रबार पहिलोपटक जिल्ला प्रहरी कार्यालय रौतहटको निरीक्षण गर्ने क्रममा उनले सो निर्देशन दिएका हुन् । उनले भीआइपीको भरपर्दो सुरक्षा व्यवस्था गर्ने, सर्वसाधारणको गुनासो सुन्ने, महिला बालबालिका तथा विपन्नलाई विशेष प्राथमिकतामा राख्न, सामुदायिक कार्यक्रम मार्फत समाजमा जनचेतना फैलाउन, अपराध अनुसन्धान तथा उजुरी छलफलमा बिचौलियाको प्रभाव न्यून बनाउन जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरीहरुलाई निर्देशन दिएका हुन् ।

डीआइजी कुँवरले प्रहरी संगठनको छवि उच्च बनाउन काम गर्न र सुरक्षाको दृष्टिकोणले महत्त्वपूर्ण स्थानमा सिसिटिभी जडानको लागि पहल गर्न समेत निर्देशन दिएका रौतहट प्रहरी प्रमुख एसपी वीरबहादुर बुढामगरले बताए । उक्त अवसरमा जिल्ला प्रहरी कार्यालय देखि मातहतका सम्पूर्ण प्रहरी युनिटका प्रमुखहरुको सहभागिता रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी सुनिल मल्लले जानकारी दिए ।

# बालकको हत्या आरोपमा रौतहट बाट २ जना पक्राउ



रौतहट, ६ माघ ।

रौतहट प्रहरीले ९ वर्षीय बालकको हत्या गरेर शव नदीमा फालेको आरोपमा २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको माधवनारायण नगरपालिका ८ पिपरा रजवाडाका जयराम महतो कोइरी र सोही स्थानका सञ्जय राम रहेको रौतहट प्रहरीले जनाएको छ। जग्गा सम्बन्धी पुरानो रिसवी र सधैंको झगडाका कारण काका जयरामले भतिजा आशनारायणको हत्या गरेको प्रहरीले दाबी गरेको छ। २०७८ मंसिर २५ गते घरबाट हराएका आशनारायणको शव पुस १ गते माधवनारायण नगरपालिका ८ स्थित बागमती नदीमा फेला परेको थियो। २५ गते घर बाहिर खेलिरहेका आशनारायणलाई काका जयराम महतो र उनका सहयोगी सञ्जय रामले मुख थुनेर नजिकै रहेको छाप्रोमा लगेर कपडाले हातखुट्टा बाँधेर हत्या गरेका प्रहरीले जनाएको छ । हत्या गरेको दिन जयराम र संजयले बालकको शवलाई सोही छाप्रोमा लुकाएका थिय भने दोश्रो दिन राति घर भन्दा १ मिलोमिटर टाढा रहेको परालको थुप्रोमा शवलाई लुकाएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख उपरीक्षक वीरबहादुर बुढामगरले पत्रकार सम्मेलन मार्फत जानकारी गराएको छ । उनीहरुले २९ गते राति लाशलाई बोरामा हालेर बागमती

(बाँकी तेश्रो पेजमा)

# जीतपुरका अति विपन्न ३० जना व्यक्तिलाई बल्यांकेट तथा सल वितरण

बारा, ६ माघ ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जीतपुरका अति विपन्न ३० जना व्यक्तिलाई बल्यांकेट तथा सल वितरण गरिएको छ ।

हेल्थ सर्विस एण्ड रिलिफ एसोसियसन नेपालको आयोजनामा जीतपुरका अति विपन्न परिवारलाई यी समाग्री हस्तान्तरण गरिएको हो । आइ.सि.एन.ए. रिलिफ क्यानाडाको आर्थिक सहयोगमा यो समाग्री वितरण गरिएको जीतपुर इस्लामिक लाईब्रेरिका संचालक जाबेद अंसारीले जानकारी दिनुभयो । उहाँले जीतपुर वडा नम्बर ७ मा रहेको अति विपन्न परिवारका लागि आफुहरुले सहयोग गर्न अपिल गर्दा यस संस्थाले सहयोग गरेर यहाँका स्थानियलाई खुसी बनाएको बताउनुभएको छ । जीतपुरका युवा नेता एवम समाजसेवि अनिल गुप्ताको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जीतपुरका कुशल व्यवसायी श्रवण कुमार गुप्ता, अनिल तिवारी, मोजाहिर अंसारी लगाएको उपस्थिती रहेको थियो ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।